(घ) समितिको निर्णयहरु र यस कार्यविधिमा उल्लेखित व्यवस्थाको कार्यान्वयन सम्वन्धी दैनिक जिम्मेवारी सदस्य सचिवको हुनेछ ।

## परिच्छेद ४: आयोजना व्यवस्थापन प्रकिया र गैसस

### ९. कार्यक्रम समन्वय प्रकृया

१. पालिका भित्र कार्य क्षेत्र भई कार्यक्रम संचालन गर्ने गैसस ले आफ्नो कार्यक्रम कार्यान्वयन पुर्व स्थानीय तह संग अनुमति लिनु पर्ने छ |

२. गैससले वार्षिक रुपमा संचालन गर्ने कार्यक्रम तथा बजेट सभाबाट अनुमोदन हुनु पर्नेछ यसका लागि गा.पा.को वार्षिक नीति कार्यक्रम तथा बजेट पेश हुँदा गैससबाट संचालन हुने योजना कार्यक्रम तथा बजेट समेत पेश गरी पारित गर्नु पर्नेछ |

३. गैससले पालिकाबाट अनुमति पाएका कार्यक्रम कार्यान्वयन गर्दा निम्न ३ ओटा नीति अवलम्बन गरिने छ :-

(क) गैससहरुले आफ्नो वार्षिक कार्यक्रम स्वीकृतीका लागि

१) कार्यक्रम कार्यान्वयन पश्चात् जानकारी दिने

९(१) बमोजिम अनुमती प्राप्त कार्यक्रम मध्ये गैससहरुले तालिम, गोष्ठि, अध्ययन, अनुसन्धान, खेलकुद, विभिन्न किसिमका अभियानहरु गर्दा कार्यान्वयन पश्चात् वा गरिसके पछि पालिकालाई जानकारी दिनुपर्नेछ ।

२) ९(१) बमोजिमको कार्यक्रम कार्यान्वयनको समयमा समन्वय गरी संचालन गर्नुपर्ने कार्यक्रमहरु

गैससहरुले क्षमता अभिवृद्धि, आय आर्जन, समुदाय परिचालन जस्ता क्रियाकलापहरु पालिकासँग समन्वयमा गर्नुपर्नेछ ।

३) ९(१) बमोजिमको अनुमति प्रापत निम्न कार्य गर्न कार्यक्रम कार्यान्वयन पूर्व विस्तृत विवरण पेश गरी कार्यान्वयन गर्ने

गैससहरुले भौतिक निर्माण, प्राकृतिक साधन र स्रोतसँग सम्वन्धीतकार्यहरु, सेवा सञ्चालन (विद्यालय, स्वास्थ्य सेवा) जस्ता कार्यक्रमहरु गर्दा पालिकाको अनुमति लिनुपर्नेछ ।

